नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

प्रेस नोट

मिति: २०८१।११।१३

वित्तीय प्रणालीको प्रमुख अङ्गको रूपमा रहेको बीमा क्षेत्रलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाई यस क्षेत्रको विकास गर्न, बीमा व्यवसायमा स्वस्थ प्रतिस्पर्धा कायम गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बीमा सेवा उपलब्ध गराउन एवं बीमा व्यवसायको प्रभावकारी रुपमा नियमन गरी बीमितको हक हित संरक्षण गर्न स्थापना भएको नेपाल बीमा प्राधिकरण बीमा नियमनकारी निकायको रूपमा बीमा ऐन, २०७९ बमोजिम सञ्चालनमा रहिआएको छ ।

नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयानुसार प्रचलित कानून बमोजिम नेपाल बीमा प्राधिकरणको अध्यक्षको रूपमा कामकाज गर्ने गरी प्राधिकरणको अध्यक्ष पदमा नियुक्ति भएपश्चात मिति २०८१।०८।२८ देखि २०८१।११।१२ सम्मको अवधिमा प्राधिकरणबाट भएका मुख्य क्रियाकलापहरुको विवरण देहाय बमोजिम छ :

१. नेपाल सरकार, मन्त्रीपरिषद् बाट बीमा नियमावली स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भइसकेको ।
२. मिति २०८१ पुष ४ गते बंगुर बीमालेख जारी एवं अलैंची खेती बीमालेख, अदुवा खेती बीमलेख र बेसार खेती बीमालेखमा समयानुकूल संशोधन गरिएको ।
३. सम्पत्ति शुद्धिकरण तथा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२-२०८५/०८६) को रणनीति ५.५ अन्तर्गत ५.५.३ को व्यवस्था कार्यान्वयन गर्नको लागि प्राधिकरणमा एकीकृतरूपमा रहेको नियमन तथा सम्पत्ति शुद्धिकरण शाखालाई कानून तथा नियमन महाशाखाको मातहतमा रहने गरी क्रमशः नियमन शाखा र सम्पत्ति शुद्धिकरण शाखा गरी २ (दुई) वटा अलग अलग शाखा मार्फत छुट्टाछुट्टै कार्य हुने व्यवस्था गरिएको ।
४. प्राधिकरणबाट इजाजतपत्रप्राप्त बीमकहरुबाट व्यवसायिक प्रयोजनका लागि खरिद हुने स्थिर सम्पत्तिको लागि प्राधिकरणबाट जारी भएको लगानी निर्देशनमा कार्यालय तथा व्यवसायिक प्रयोजनका लागि स्थिर सम्पत्ति खरिद गर्ने सम्बन्धी व्यवस्था नभएको हुँदा बीमकको स्थिर सम्पत्ति खरिद, निर्माण र विक्री प्रकृयालाई व्यवस्थित, पारदर्शी र मितव्ययी बनाउने उद्देश्य प्राप्तिका लागि "बीमकको स्थिर सम्पत्ति खरिद तथा विक्री सम्बन्धी निर्देशन, २०८१" जारी गरिएको ।

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन: ०१-५४२१०७९, ५४३८७४३, फ्याक्स: ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupondole, Nepal, Phone: 01-5421079, 5438743, Fax: 01-5420119, Toll Free No.: 1660-01-56789
Website: www.nia.gov.np, E-mail: info@nia.gov.np

५. बीमा ऐन, २०७९ को दफा २० को उपदफा ६ को व्यवस्था कार्यान्वयनको लागि प्राधिकरणको तरलता व्यवस्थापन समेतलाई ध्यानमा राखी ऐनमा व्यवस्था भए बमोजिमको रकम क्रमश: संघीय संचित कोषमा दाखिला गर्ने कार्य अगाडि बढाईएको ।

६. नेपाल बीमा प्राधिकरण सेवामा रिक्त रहेका विशिष्ट श्रेणी, कार्यकारी निर्देशक, प्रथम श्रेणी, निर्देशक र द्धितिय श्रेणी, उपनिर्देशक पदहरुको कार्यक्षमता मूल्यांकनतर्फको पदपूर्ति कार्य सम्पन्न भएको।

७. संचालक समितिको बैठकमा पेश भएको ७१ वटा उजुरीहरु मध्ये ३३ फैसला र ३८ वटा आदेश भएको । साथै, सहमती/मध्यस्थतावाट ४ वटा उजुरी किनारा लागेको ।

८. एल आई सि नेपाल र नेको इन्स्योरेन्स लि को जोखिममा आधारित सुपरीवेक्षण सम्बन्धी कार्य अगाडी बढेको ।

९. Integrated Offsite Supervision Report निर्माणको कार्य प्रारम्भ भई १२ वटा बीमकको प्रतिवेदन कार्य सम्पन्न भइसकेको ।

१०. A2ii Innovation Lab को साक्षरता अभिवृद्धि सम्बन्धी कार्य अन्तर्गत Interactive Voice Response (IVR) सम्बन्धी करार भई कार्य प्रारम्भ भएको ।

११. मौद्रिक क्षति सम्बन्धी निर्देशन, २०८१ स्वीकृत भई लागू भएको ।

१२. नेपालमा मिति २०८१।०६।१०-१२ मा आएको बाढीको कारण स्थगित भएको Asian Forum of Insurance Regulators को सम्मेलन तथा 7th Asia Pacific High-Level Meeting जनवरी २०-२२, २०२५ मा सम्पन्न भएको ।

१३. वीमा ऐन, २०७९ मा व्यवस्था भएवमोजिम वीमित हित संरक्षण कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८१, बीमा विकास कोष स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१, अवकाश कोष तथा कर्मचारी कल्याण कोष संचालन सम्बन्धी कार्यविधि, २०८१, कर्मचारी सापटी कोष संचालन सम्बन्धी कार्यविधि, २०८१ लगायत कार्यविधिको मसौदा तयार गरी कोष स्थापनाको कार्य भएको ।

१४. UNDP को सहयोगमा लघु जीवन बीमा सम्बन्धी निर्देशनको मसौदा निर्माण कार्य अन्तिम चरणमा रहेको ।

१५. Standardize Product र Mobile Insurance Guideline को प्रारम्भिक मसौदा तयार भई नीतिगत दस्तावेज उपसमितिमा छलफल भइरहेको ।

१६. वीमा मध्यस्थकर्ताहरुलाई व्यवस्थित गर्नको लागि सो सम्बन्धमा अध्ययन कार्यदल, २०८१ गठन भई उक्त कार्यदलबाट प्रतिवेदन पेश भई सकेको ।

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन: ०१-५४२१०७९, ५४३८७४३, फ्याक्स: ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupondole, Nepal, Phone: 01-5421079, 5438743, Fax: 01-5420119, Toll Free No.: 1660-01-56789
Website: www.nia.gov.np, E-mail: info@nia.gov.np

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

१७. बीमकले बीमा दावी निवेदन प्राप्तभए पश्चात् सोको दर्ता गरी, यथाशीघ्र बीमितलाई SMS मार्फत जानकारी गराउनुपर्ने, निर्जीवन बीमाको क्षति मूल्याङ्कन गर्न सर्भेयर खटाँउदा सोको जानकारी SMS मार्फत बीमितलाई गराउनुपर्ने, वीमकले सर्भे प्रतिवेदन प्राप्त भए पश्चात सोको समेत जानकारी SMS मार्फत वीमितलाई दिनुपर्ने, वीमालेख अनुसार बीमा दावीको दायित्त्व यकिन भएपश्चात् सो पूरा रकम अनिवार्य रुपमा कानून वमोजिम भुक्तानी प्राप्त गर्ने पक्षको बैंक खातामा दाखिला हुने गरी डिजिटल माध्यम प्रयोग गरी भुक्तानी गर्नुपर्ने, जीवन वीमकले दावी भुक्तानी वापत बीमित वा हकवालालाई कानून वमोजिम भुक्तानी गर्नुपर्ने रकम वीमित वा हकवालाको बैंक खातामा दाखिला नगरी अन्य वीमालेख जारी गरी रकम समायोजन गर्न नपाउने सम्बन्धमा बीमकहरुलाई निर्देशन दिईएको।

१८. "सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी बीमा क्षेत्रको रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६)" स्वीकृत गरी लागु भएको ।

१९. वैदेशिक रोजगार म्यादी जीवन बीमा सामूहिक कोष (पुल) सञ्चालन सम्बन्धी निर्देशन, २०८१ मा समयानुकुल संशोधन एवं परीमार्जन ।

अध्यक्षको जिम्मेवारी प्रदान गर्नुहुने सम्माननीय प्रधानमन्त्री ज्यू, उपप्रधान एवं अर्थमन्त्री ज्यू, श्रीमान सचिव ज्यू, लगायत कार्यकालमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनुहुने जीवन बीमक संघ, नेपाल बीमक संघ, लघु बीमक संघ, नेपाल बीमा प्राधिकरणका सम्पुर्ण कर्मचारीहरु, आम संचार जगत लगायत सरोकारवालाका साथै कार्यालयमा अहोरात्र खटिनुहुने सहयोगी साथीहरु प्रति सदैव हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु ।

२०८१।११।१३

मदन दहाल
अध्यक्ष
नेपाल बीमा प्राधिकरण

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन: ०१-५४२१०७९, ५४३८७४३, फ्याक्स: ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupondole, Nepal, Phone: 01-5421079, 5438743, Fax: 01-5420119, Toll Free No.: 1660-01-56789
Website: www.nia.gov.np, E-mail: info@nia.gov.np